नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

मिति २०७४।०५।१८

## प्रेस विज्ञप्ति

मिति २०७४/०५/१८ गते स्थानीय तहको तेस्रो चरण अन्तर्गतको निर्वाचन शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्ने सिलसिलमा क्षेत्रगत र जिल्लागत वर्तमान सुरक्षा अवस्था र चुनौतिबारे छलफल गर्न धनुषा जिल्लाको जनकपुरधाममा एक दिवशीय सुरक्षा गोष्ठी सम्पन्न भएको छ ।

गोष्ठीमा माननीय गृहमन्त्री जनार्दन शर्मा 'प्रभाकर'ज्यूले निर्वाचनलाई केन्द्रविन्दुमा राखी यस क्षेत्रको शान्ति सुरक्षाको संवेदनशीलतालाई मध्यनजर गरी परिमार्जित सुरक्षा योजना अनुरुप समन्वयात्मक रुपमा सुरक्षा व्यवस्था मिलाउन निर्देशन दिनुभयो । केन्द्रबाट बनाइएको स्थानीय तह परिमार्जित निर्वाचन सुरक्षा योजना २०७४ को आधारमा बनाइएका क्षेत्रीय र जिल्ला सुरक्षा योजनालाई क्षेत्रगत र जिल्लागत अवस्थाको विशिष्ट समस्याहरुको नियमित रुपमा सूक्ष्म विश्लेषण गर्दै समयवद्ध परिमार्जन र परिष्कृत गर्न समेत निर्देशन दिनुभयो । प्रदेश नं.२ मा भएका र हुनसक्ने सबै किसिमका अपराधिक घटनाहरुको प्रभावकारी नियन्त्रणका लागि व्यवसायिक र दक्षताकासाथ समन्वयात्मक रुपमा परिचालित भई उच्च मनोवलकासाथ अगाडि बढ्न सबै प्रमुख जिल्ला अधिकारी सहित सुरक्षा अधिकारीहरुलाई निर्देशन दिनुभयो ।

गोष्ठीमा माननीय गृहराज्यमन्त्री श्यामकुमार श्रेष्ठ "कुशल"ज्यूले शान्तिपूर्ण र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्न सबै सुरक्षा निकायहरु समन्वयात्मक रुपमा परिचालित हुन निर्देशन दिनुभयो । सोही अवसरमा माननीय निर्वाचन आयुक्त ईला शर्माले निर्वाचनलाई स्वच्छ निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न अवलम्वन गर्नुपर्ने उपायहरुको बारेमा प्रकाश पार्नु भएको थियो ।

गृह सचिव श्री लोकदर्शन रेग्मीज्यूले निर्वाचन सम्पन्न गर्नको लागि आवश्यक पर्ने स्रोत, साधन र जनशक्तिको कमी हुन नदिने प्रतिवद्धता व्यक्त गर्नुभयो । सो अवसरमा मध्यमाञ्चल विकास क्षेत्रका क्षेत्रीय प्रशासक श्री रेश्मी राज पाण्डे र पूर्वाञ्चल विकास क्षेत्रका क्षेत्रीय प्रशासक श्री राजेश्वरमान

नेपाल सरकार

# गृह मन्त्रालय

पत्र संख्या:-

प्राप्त पत्र संख्या र मिति:-

च.नं.:-

सिंहदरवार,

काठमाडौं, नेपाल ।

सिंहले निर्वाचनका सुरक्षा चुनौतीहरु, समस्याहरु र समाधानका लागि केन्द्रसँग गरिएको अपेक्षाको सम्बन्धमा क्षेत्रीयस्तरको प्रतिवेदन प्रस्तुत गर्दै मन्तव्य राख्नुभएको थियो । उक्त गोष्ठीमा नेपाली सेनाका निर्देशक उपरथी श्री देव कुमार सुवेदी, प्रहरी महानिरीक्षक श्री प्रकाश अर्याल, सशस्त्र प्रहरी महानिरीक्षक श्री सिंहवहादुर श्रेष्ठ र मुख्य अनुसन्धान निर्देशक श्री दिलिपराज रेग्मीले मातहत निकायका प्रमुखहरुलाई योजनाबद्ध ढंगले उच्च मनोबलका साथ आ-आफ्नो भूमिका निर्वाहमा अहोरात्र खटिई निर्वाचन सफल बनाउन निर्देशन दिनुभएको थियो।

सो गोष्ठीमा प्रदेश नं. २ अन्तर्गतका आठवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीहरुले जिल्ला सुरक्षा समितिले तयार गरेको स्थानीय तह परिमार्जित निर्वाचन सुरक्षा योजना २०७४ का बारेमा प्रस्तुती गर्नु भएको थियो । प्रस्तुत भएका सुरक्षा योजनाका बारेमा गहन रुपमा छलफल एवं अर्न्तक्रिया गरी तेस्रो चरणको स्थानीय तह निर्वाचन सम्पन्न गर्न साझा बुझाईका साथ सुरक्षा योजना २०७४ को सफल कार्यान्वयन गरी निर्विघ्न रुपमा सम्पन्न गर्ने प्रतिवद्धताका साथ गोष्ठी सम्पन्न भयो ।

०७४।५।१८

(रामकृष्ण सुवेदी)

सह सचिव/प्रवक्ता